नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग १३ गते २०१२ साल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २२

शिक्षाविभागान्तर्गत त्रिचन्द्र कलेजमाथि तपसीलबमोजिमका चार जना लेक्चरर चाहिएका छन्। योग्य उमेदवारहरूले प. प. क. दरखास्त फारम नं. १ (२०१०) भरी २०१२ साल माघ २ गते रोज २ सम्ममा तलको ठेगानमा पुग्ने गरी दरखास्त पठाउनोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, बडी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदहरूका विवरण यस प्रकारे छन्:—

१. पद—(क) इतिहासको लेक्चरर।

(ख) अंग्रेजीको लेक्चरर।

(ग) कमर्सको लेक्चरर।

आधिकारिकता मुद्रण व्यवस्थापनबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अ) नागरिकशास्त्र सेक्सन।

सबै पद गैजेटेड, स्थायी तथा पेन्सन पाइने हुन्।

६. आवश्यक न्यूनतम योग्यता :—

(क) इतिहासमा एम. ए.।

(ख) अंग्रेजीमा एम. ए.।

(ग) एम. कम.।

(घ) राजनीति शास्त्रमा एम. ए.।

क, ख र ग पदमा सो सो विषयमा पहिला अथवा दोस्रा श्रेणीमा उत्तीर्ण भएका तथा घ पदमा एल. एल. बी. समेत पास भएकालाई विशेष प्राथमिकता दिइनेछ।

७. मासिक तलबको स्केल प्रत्येक पदमा:—मो. रु. १८०।-५००।

८. मासिक बहेंगी भत्ता प्रत्येक पदमा:—मो. रु. २०।

९. अभ्यास अवधि प्रत्येक पदमा:— ६ महिना।

आज्ञाले—

सङ्घमान मल्ल,

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

नोटः—माथि लेखिएका हुदिस गैजेटमा प्रकाशन हुने।

आधिकारिकता पुष्टि विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।